# रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी
## कोशी प्रदेश, नेपाल
(रोजगार शाखा)

पत्र संख्या : २०८३/८४
चलानी नं. : ०००६८

मिति: २०८३।०४।११
ने.स : ११४६ दिल्लाथ्व १३ सोमबार

सूचना प्रकाशन,
सम्बन्धित सबैका लागि।।

**विषय : प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१२ गते मंगलवार**

उपरोक्त विषयमा नेपाल सरकार र स्वीस सरकार वीचको द्धिपक्षीय सम्झौता अन्तर्गत सुरक्षित तथा मर्यादित वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन SAMI कार्यक्रम यस रामधुनी नगरपालिकामा गत आ.व. २०८२/०८३ देखि सञ्चालनमा रहेको छ। स्वीस विकास सहयोग SDC को आर्थिक तथा Helvetas नेपालको प्राविधिक सहयोगमा सञ्चालित उक्त कार्यक्रम सञ्चालनार्थ रीक्त रहेका तपसिल अनुसारको पदहरुमा सेवा करारमा पदपूर्ति गर्नका लागि योग्य, अनुभवी र इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग अनुसारका पदहरुमा दिइएको विवरण सहितको आवदेन पेश गर्न हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | पद | पद संख्या | आवश्यक योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता<br><br>सहायक स्तर पाँचौं | १ (एक)<br><br>महिलालाई प्राथमिकता | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/ मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको वा पोस्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको।<br><br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्रप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र पाएकालाई विशेष प्राथमिकता दिइनेछ।<br><br>- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव भएको (Word, Excel, Power Point, Email/Internet) आदि गरेको। नेपाली भाषामा प्रतिवदेन तयार गर्न सक्ने।<br><br>SAMI कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा<br><br>-कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सूचिकृत भएको। |

झुम्का, सुनसरी , फोन न.: ०२५५६१६५२ फ्याक्स :
इमेल : ito.ramdhunimun@gmail.com वेबसाइट: https://ramdhunimun.gov.np

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

| | | | |
|---|---|---|---|
| | | | - मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ। |
| २ | रिटर्नी स्वयंसेवक (आंशिक)<br>सहायक स्तर चौंथो | १ (एक) | - न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>-सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**१. कार्य अवधिः** हाललाई २०८४ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**२. परिक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तवार्ता।

**३. आवश्यक कागजातहरु** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक व्यक्तिहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित रामधुनी नगरपालिकामा पेश गर्नुपर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरु छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

**४. छनौट प्रक्रियाः** प्रारम्भिक छनोटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ । यस पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ ।

**५. दरखास्त दिने अन्तिम मितिः** २०८३/०४/२७ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

**६. दरखास्त दिने उमेर हदः** मनोसामाजिक परामर्शकर्ता पद-१ एक सहायक स्तर पाँचौं तथा रिटर्नी स्वयंसेवक सहायक स्तर चौंथो पद-१(एक) दुवै पदको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**७. दरखास्त दिने दस्तुरः** आवेदन दस्तुर रु.५००/- अक्षरेपि पाँच सय रुपैयाँ मात्र लाग्नेछ।

**८. आवदेन फारमः** उपरोक्त पदका लागि आवेदन फारम रामधुनी नगरपालिकाको रोजगार, सीप तथा उद्यमशीलता केन्द्र (रोजगार शाखा) मा वा पालिकाको वेबसाइट https://ramdhunimun.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

**९. तबल मान तथा अन्य सेवा सुविधाः** सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमको नियमअनुसार हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

झुम्का, सुनसरी , फोन नः ०२५।५६१६५२ फ्याक्स :
इमेल : ito.ramdhunimun@gmail.com वेबसाइटः https://ramdhunimun.gov.np

CamScanner